# नेपालगंज उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज

(प्रमथ पटक प्रकाशित मिति : २०७६।०५।०२ गते)

**बोलपत्र आव्हानको सूचना**

यस नेपालगञ्ज उपमहानगरपालिकाको मुख्य सडक सरसफाई कार्य अन्तर्गत विभिन्न सडक खण्डको सरसफाई कार्य गराउनु पर्ने भएकोले ईच्छुक फर्म, संस्था, व्यवसायी वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकक बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७४/०७५ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट **www.bolpatra.gov.np/egp** बाट ठेक्काको कागजात **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ । यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ग-४-१-४१३०३०४०१८१०४ मा जम्मा गरेको बैंक भौचरलाई समेत बोलपत्रदाताले बोलपत्र कागजात साथ पेश गर्नु पर्नेछ । **Hard copy** प्रयोगमा ल्याईने छैन ।

२) बिद्युतिय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिने छ । तर उक्त समयमा बोलपत्रदाता उपस्थित नभएमा समेत बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) बोलपत्र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

४) बोलपत्र फारामसाथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.ग-३-४१३०३०३००७१०४ मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंक तथा बित्तीय संस्थाहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० औ दिन म्याद भएको विडवण्ड संलग्न गर्नु पर्नेछ ।

५) बोलपत्रमा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

६) ठेक्काको कार्य अवधि सम्झौतामा उल्लेखित मिति देखी ११ (एघार ) महिना सम्म रहनेछ ।

७) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९) यस ठेक्कामा अन्य शर्तहरु एवं बन्देजहरु समेत लागू हुनेछन् । सो को जानकारी बोलपत्र पुस्तिकाबाट हेर्न सकिनेछ ।

१०)यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | क्षेत्र (सडक खण्डहरु) | अधिकतम अंक (मू.अ.कर सहित ) | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | NSMC/NCB/OS-1/076/077 | मुख्य सडक सरसफाई कार्य | १. रत्न राजमार्ग अन्तर्गत जमुनाह नाका (नेपाल गेट) देखी मनिकापूर चोक सम्म ।<br>२. खजुरा रोड अन्तर्गत धम्बोझी चोक देखी नन्दनी मिल (उप-महानगरपालिकाको सिमाना) सम्म ।<br>३. ट्राफिक चोक देखी त्रिवेणी मोड सम्म ।<br>४.न्युरोड अन्तर्गत त्रिवेणी मोड देखी कल्पतरु होटल सम्म ।<br>५. त्रिवेणी मोड देखी फुल्टेक्रा चोक सम्म ।<br>६. वि.पी चोक देखी सम्शानघाट सम्म ।<br>७. पुष्पलाल चोक देखी बसपार्क सम्म । | १,३४,१४,९८४।२८ | ४,०२,४५०।०० | ३,०००।०० |

(प्रमुख प्रशासकीय अधिकृत)